प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

## छोटो अवधिको तालिम कार्यक्रम सम्बन्धन / स्वीकृति तथा कार्यक्रम नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रकाशित मिति २०७९।०६।२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् को मिति २०७९/०२/०६ गते बसेको १८९ औं बैठक को निर्णय अनुसार छोटो अवधीको तालिम सञ्चालन स्वीकृति कार्यविधि २०७२ संसोधन भई छोटो अवधीको तालिम कार्यक्रम सम्बन्धन प्राप्त गर्न जुनसुकै समयमा निवेदन पेश गर्न सकिने र सो प्रक्रियामा सामेल हुन अघिल्लो सम्बन्धन प्राप्त गरेको मितिले ६ महिना पछि मात्र नयाँ सम्बन्धन प्रक्रियाका लागि निवेदन पेश गर्न सकिने छ। यसरी निवेदन पेश गर्न इच्छुक निवेदकहरुले आवेदन/प्रस्तावना फाराम सम्बन्धित प्रदेश कार्यालयहरू वा परिषद्को वेबसाइटबाट प्राप्त गर्न सकिने छ र प्रस्तावना आवेदन फाराम शुल्क रु. १५००/ (एक हजार पाँच सय) प्रा. शि. तथा व्या. ता. परिषद्(CTEVT)) को राष्ट्रिय वाणिज्य बैक, सानोठिमी शाखा स्थित चल्ती खाता नम्बर १७३०१००००००००९००६ मा जम्मा गरी आवश्यक सम्पूर्ण विवरण र कागजात सहित छोटो अवधिको तालिम कार्यक्रमको आवेदन फाराम सम्बन्धित प्रदेश कार्यालयमा दर्ता गराई सम्बन्धन/स्वीकृति प्रक्रिया अगाडी बढाउन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारी को लागि अनुरोध छ । परिषद् प्रदेश कार्यालयहरूले समेत यसै सूचनालाई आधार मानी छोटो अवधिका तालिम कार्यक्रम सम्बन्धन / सिफारिस प्रक्रिया अगाडी बढाउनुहुन तथा यस परिषद् कार्यालयबाट सम्बन्धन / स्वीकृति लिई छोटो अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गरिरहेका संस्थाहरूले परिषद्, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८ (पहिलो संशोधन सहित) को दफा २१ क. बमोजिम सम्बन्धन / स्वीकृति लिएको २ वर्ष पछि वार्षिक रूपमा कार्यक्रम नवीकरण गर्नुपर्ने प्रावधान बमोजिम सम्बन्धन / स्वीकृति पत्रानुसार लागू हुने म्याद भित्र वा नवीकरण गर्नुपर्ने म्याद भित्र नियमित शुल्कमा र म्याद सकिए पश्चात् दोब्बर दस्तुर तिरी **www.tinyurl.com/short7980** लिंक मा गई कार्यक्रम नवीकरण गर्न सकिने व्यहोरा यस परिषद् कार्यालयको मिति २०७९|०६|२४ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै छोटो अवधीको तालिम कार्यक्रम सम्बन्धन/स्वीकृति र कार्यक्रम नवीकरण प्रक्रियाका लागि पेश गर्नु पर्ने कागजात, शुल्कहरु लगायतका विस्तृत विवरण परिषद् को **Website: ctevt.org.np** मा उपलब्ध रहेको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सम्पर्क फोन. नं.: ०१ — ६६३०४०८

छोटो अवधिको तालीम कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरूले सम्बन्धन/स्वीकृतिको लागि छोटो अवधिको तालिम आवेदन फाराम साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरू :

१. परिषद्को वेबसाइट www.ctevt.org.np को Publications > Useful information > Downloads बाट छोटो अवधिको तालीम आवेदन फाराम डाउनलोड गरी पूर्णरुपमा विवरण भरेर ल्याउने ।
२. बुदा नं. १ का लागि चाहिने सम्पूर्ण विवरणहरूको पुस्ट्याई पुग्ने प्रमाणहरू ।
३. गत आ. व. को कर चुक्ता र कम्पनी अद्यावधिक
   वा. यस आ. व. को कम्पनी नवीकरण
४. गत आ. व. को अडिट रिपोर्ट ।
५. सम्बन्धन पाउँ भन्ने बारेको निवेदन (संस्थाको लेटरप्याडमा) ।
६. प्रबन्धपत्र/विधान र नियमावली (प्रबन्धपत्र/विधानको उद्देश्यमा छोटो अवधिको तालिम कार्यक्रम सम्बन्धन/स्वीकृति लिई सञ्चालन गर्ने स्पष्ट खुलेको हुनुपर्ने छ )।
७. प्रति कार्यक्रम २ जना प्रशिक्षकहरूको व्यवस्था (नागरिकता प्रतिलिपि, Bio-data, प्रतिबद्धता पत्र/करार सम्झौता, उच्चतम शैक्षिक योग्यताको प्रमाणपत्र ।
८. सञ्चालन समितिको निर्णय (सञ्चालक समिति सदस्यहरूको नागरिकता, Bio-data, उच्चतम शैक्षिक योग्यताको कागजात ।
९. प्रशासनिक कर्मचारीहरूको विवरण (नागरिकता प्रतिलिपि, Bio-data, प्रतिबद्धता पत्र/ करार सम्झौता, उच्चतम शैक्षिक योग्यताको प्रमाणपत्र ।
१०. व्यवस्थापन समितिका सदस्यहरूको विवरण (नागरिकता प्रतिलिपि, Bio-data, प्रतिबद्धता पत्र/सम्झौता, उच्चतम शैक्षिक योग्यताको प्रमाणपत्र ।
११. कार्यक्रम सञ्चालन सम्बन्धमा व्यवस्थापन समितिले गरेको निर्णय माइन्यूटको फोटोकपी ।
१२. पाठ्यक्रमले तोके बमोजिमका Tools Equipment Materials को व्यवस्था प्रत्येक कार्यक्रमको लागि चाहिने सामाग्रीहरूको सूची ।
१३. घरजग्गा लालपुर्जा फोटोकपी, घर धनीको नागरिकता, घरजग्गा सम्झौता पत्रको फोटोकपी ।
१४. परिषद् को मिति २०७९/०२/०६ गते बसेको १८९ औं बैठक को निर्णय नम्बर ११०२ विविध(ग) बाट छोटो अवधीको तालिम संचालन स्वीकृति कार्यविधि २०७२ मा संसोधन गर्ने गरी भएको निर्णयानुसार छोटो अवधीको तालिम कार्यक्रम सम्बन्धन प्राप्त गर्न जुनसुकै बेला निबेदन पेश गर्न सकिने छ र हद म्याद लागु हुने छैन ।
१५. देहाय बमोजिम को लिंक बाट अनलाइन आवेदन फाराम भर्नु पर्नेछः

**http://202.166.206.52:9080/** ।

१. छोटो अवधिका तालिम कार्यक्रम नवीकरण गर्दा अनिवार्य रूपमा पेश गर्नु पर्ने कागजातहरू

(क) कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ को संस्था नवीकरण / अध्यावधिक गरेको पत्र पेश गर्नुपर्ने छ ।

(ख) संस्थाको शेयर धनी सञ्चालक समितिको सदस्यहरू आदि फेरवदल भएको भए सो को विवरण खुल्ने प्रबन्धपत्र, नियमावली लगायतका कम्पनी रजिष्ट्रार कार्यालयका कागजातहरू ।

(ग) गत आ. व. को कर चुक्ता वा कर दाखिलाको प्रमाण पेश गर्ने र कम्पनी अद्यावधिक
वा यस आ. व. को कम्पनी नवीकरण

(घ) गत आ. व. को अडिट रिपोर्ट ।

(ङ) आ. व. २०७८/०७९ सम्मको कर चुक्ता वा कर दाखिलाको प्रमाण पेश गर्ने ।

(च) तोकिएको समय भित्र प्रत्यक्ष रूपमा वा विद्युतीय माध्यम (online form) वाट नवीकरण गर्न सकिने छ । नवीकरण गर्न आउँदा तोकिएका आवश्यक कागजातका साथ नवीकरणको सक्क्लै कार्ड अनिवार्य रुपमा लिएर आउनु पर्नेछ । विद्युतिय माध्यमबाट नवीकरणको लागि कागजात पेश गर्दा २०७८/०७९ मा नविकरण गरेको कार्डको नक्कल प्रति समेत पेश गर्नु पर्नेछ । साथै, विद्युतिय प्रणाली (Online form) बाट कागजात पेश गर्ने सस्थाहरुले प्रत्यक्ष रुपमा नविकरण गर्न आउदा विद्युतिय माध्यममा पेश गरेका कागजात र सक्कलै कार्ड अनिवार्य रुपमा लिएर आउनु पर्नेछ ।

(छ) परिषदबाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन स्वीकृति पत्र / थप कार्यक्रम / नामसारी, स्वामित्व हस्तान्तरण पत्र समेतको पत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ ।

(ज) माथि उल्लेखित प्रमाण, कागजात सहित देहायको रकम परिषद् कार्यालयले तोकेको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुर स्थित **CTEVT** नामको खाता नं. १७३०१००००००९००६ मा जम्मा गर्नु पर्नेछ । उक्त रकम जम्मा गर्दा बैङ भौचरमा संस्थाको नाम र सम्पर्क नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ ।

(झ) उपरोक्त अनुसारको कागजात सहित संस्थाले नवीकरणको लागि संस्थाको लेटर प्याडमा अनुरोध पत्र सहित परिषद् कार्यालयमा निवेदन दिनु पर्नेछ । साथै विद्युतीय माध्यम (ONLINE) बाट आवेदन पेश गर्न परिषदको Quick Link को **www.tinyurl.com/short7980** मा मात्र पठाउनु पर्नेछ । अन्यथा नवीकरणको लागि योग्य मानिने छैन ।

(ञ) नवीकरण सम्बन्धमा थप जानकारी एवं सहजीकरण आवश्यक भएमा नेपाल तालिम तथा रोजगार व्यावसायी महासंघ, तिनकुने (fpten.nepal@gmail.com) लाई समेत सम्पर्क गरी जानकारी लिन सकिने छ ।

२. नवीकरण शुल्क सम्बन्धी व्यवस्था

क. संस्थाले सम्बन्धन पत्र प्राप्त गरेको मिति अनुसार यस आ. व. को मिति ननाघेको अवस्थामा प्रति कार्यक्रम नवीकरण दस्तुर रु. १००० र TMIS बापत रु २०००/- सम्बन्धन प्राप्त गरेको मिति नाघेको अवस्थामा प्रति कार्यक्रम नवीकरण दस्तुर रु. २००० र TMIS बापत रु २०००/- लाग्ने छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम सम्बन्धन कार्यविधि २०७८ (पहिलो संसोधन सहित) को दफा २१ क. बमोजिमको नियमानुसार नवीकरण गर्नुपर्ने अवधी देखी ५ वर्ष भन्दा बढी समय नवीकरण नगरेको अवस्थामा उपदफा (६) बमोजिम संस्थाको नवीकरण हुन सक्ने छैन ।

ख. नवीकरण गर्नुपर्ने अवधी ५ वर्ष भन्दा बढी भएको अवस्थामा नवीकरण हुने छैन ।

ग. आ. व. ७९/८० को छोटो अवधिका तालिम कार्यक्रम नवीकरण गर्न क्यू आर कोड स्क्यान गर्नुहोस् ।

अनलाइन फाराम भर्ने लिंकः **www.tinyurl.com/short7980**